आज मिति २०७७ साल पौष २२ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: प्रगति समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: सार्वजनिक निजी साझेदारी नियमावली पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: चौंथो व्यास नगर अल्ट्रा म्याराथन प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.४: चौतिसौं नगर सभा आव्हान सम्बन्धमा ।
प्रस्ताव नं.५: विभिन्न ऐनहरुको मस्यौदा प्रस्ताव तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: सार्वजनिक सुवाई सम्बन्धमा ।
प्रस्ताव नं.७: वडास्तरीय मेलमिलाप केन्द्र स्थापना सम्बन्धमा ।
प्रस्ताव नं.८: सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।
प्रस्ताव नं.९: प्राकृतिक स्रोत अनुगमन समिति सम्बन्धमा ।
प्रस्ताव नं.१०: बालकल्याण समिति तर्फका कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.११: सवारी साधनहरु सञ्चालन एवं मर्मत सम्भार सम्बन्धमा ।
प्रस्ताव नं.१२: योजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: घाट सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१४: मानुङकोट क्षेत्रको जग्गा बिक्रीको सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.१५: ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१६: क्रमागत योजनाहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१७: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१८: सडक बोर्ड नेपालसँग अन्तिम किस्ता माग सम्बन्धमा ।
प्रस्ताव नं.१९: हाते ट्याक्टर खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२०: अत्यावश्यक योजनामा रकम विनियोज सम्बन्धमा ।
प्रस्ताव नं.२१: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२२: कामकाजमा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२३: युवा परिषद्को उपाध्यक्ष मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२४: मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.२५: नारेश्वर ताल परियोजनाको जग्गा खरिदका लागि थप रकम सम्बन्धमा ।
प्रस्ताव नं.२६: सम्झौता अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७/०७८ को हालसम्मको अवधिसम्मको विभिन्न शाखाबाट प्रस्तुत गरिएको प्रगति विवरण उपर वृहत् रुपमा समिक्षा गरियो । हालसम्मको प्रगतिलाई आधारमानी राय प्रगति उत्साहजनक देखिए तापनि निर्धारित लक्ष्य हासिल गर्नको लागि योजना तथा कार्यक्रम प्रक्रिया तथा दैनिक सेवा प्रवाहलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा सार्वजनिक निजी साझेदारी ऐनले दिएको अधिकार क्षेत्रभित्र रही यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०७७ उपर दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.५ को पर्यटकीय स्थल मानुङकोटदेखि व्यास ८ को पुलिमञ्याङ स्थित शहिद पार्कसम्मको दुरीको चौंथो खुल्ला अल्ट्रा म्याराथन दौड प्रतियोगिता विगतको बर्षहरुमा झैं यही २०७७ माघ १६ गते शहिद दिवसका दिन आयोजना गर्ने गरी देहाय बमोजिमका समितिहरु गठन गरियो ।

**म्याराथन दौड व्यवस्थापन समिति :**

| | |
|---|---|
| उपप्रमुख श्री मिरा जोशी | –संयोजक |
| वडा अध्यक्ष श्री ओजराज पौडेल | –सदस्य |
| वडा अध्यक्ष श्री सतिशचन्द्र न्यौपाने | –सदस्य |

वडा अध्यक्ष श्री श्री मोहन कुमार श्रेष्ठ –सदस्य
वडा अध्यक्ष श्री तुलसीराम सापकोटा –सदस्य
वडा अध्यक्ष श्री विश्वराज न्यौपाने –सदस्य
उपसचिव श्री नगेन्द्र प्रसाद रेग्मी –सदस्य सचिव

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७७/०७८ को अर्ध वार्षिक प्रगति समिक्षा, आर्थिक ऐन, विनियोजन ऐनमा संशोधन लगायतका आवश्यक ऐनहरु पारित गर्नका साथै संशोधित बजेट, नीति तथा कार्यक्रम पेश गर्नका लागि २०७७ माघ २७ गते बिहान ११:०० बजे नगरपालिकाको सभाहलमा चौतीसौं नगर सभा आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार अन्तर्गत यस नगरपालिकालाई आवश्यक विभिन्न ऐनहरुको मस्यौदा प्रस्ताव तयार गरी आगामी नगर सभामा पेश गर्ने कार्यका लागि आवश्यक गृहकार्य गरी बोर्ड बैठकमा पेश गर्न यस नगरपालिकाको विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नगरपालिका एवं वडा कार्यालयबाट सम्पादन हुने दैनिक सेवा प्रवाहलाई थप जनमुखी एवं पारदर्शी गराउँदै सार्वजनिक जवाफदेहितामा बृद्धि गराउने उद्देश्यका साथ यही मिति २०७७ पौष २८ गते यस नगरपालिकाको प्राङ्गणमा सार्वजनिक सुनुवाई कार्यक्रम तेस्रो पक्षबाट सञ्चालन गर्ने गरी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडाहरुबाट न्यायिक समितिमा दिने उजुरी, म्याद तामेली, प्रति उत्तर दर्ता प्रकृया वडा मार्फत गराई, न्यायिक समितिको निर्णयानुसार सम्बन्धित वडामा मेलमिलाप कार्यलाई व्यवस्थित गर्न न्यायिक समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो । साथै उल्लेखित कार्यका लागि सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत संघ, प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने सरकारी, सार्वजनिक जग्गाको लगत संकलन गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै लगत संकलन भई आएका सार्वजनिक जग्गाहरुको संरक्षणको उचित व्यवस्थापन मिलाउने समेत निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको विभिन्न वडाहरुबाट उत्खनन् गरी बिक्री वितरण गरिने प्राकृतिक स्रोतहरुको नियमित अनुगमन एवं निरीक्षणका लागि उपप्रमुख श्री मिरा जोशीको संयोजकत्वमा देहाय बमोजिम प्राकृतिक स्रोत अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

१. उपप्रमुख श्री मिरा जोशी – संयोजक
२. वडा अध्यक्ष श्री मोहन कुमार श्रेष्ठ – सदस्य, वडा नं.५
३. वडा अध्यक्ष श्री सतिशचन्द्र न्यौपाने – सदस्य, वडा नं.७
४. वडा अध्यक्ष श्री तुलसीराम सापकोटा – सदस्य, वडा नं.१०
५. वडा सदस्य श्री लक्ष्मीकान्त मिश्र – सदस्य, वडा नं.१३
६. ईन्जिनियर श्री अमृत के.सी. – सदस्य
७. शाखा अधिकृत श्री कृष्णराज घिमिरे – सदस्य सचिव

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा बालकल्याण समिति, तनहुँका तर्फबाट आएका यस नगरपालिकाका कर्मचारीहरुलाई हालसम्म बालकल्याण समिति कै कोषमा रहेको रकमबाट तलव भत्ता तथा अन्य सुविधा उपलब्ध गराइदै आइएकोमा उक्त खातामा हाल रकम अभाव भएको हुँदा २०७७/०७८ आषाढ मसान्तसम्मको लागि आवश्यक पर्ने तलव भत्ता वापतको रकम उक्त खातामा भुक्तानी पठाई तलब भत्ता ख्वाउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नाउँमा रहेको विभिन्न सवारी साधनहरु (टिपर, ट्याक्टर, मोटर साइकल, स्कुटर आदि) कार्यालयको कामकाजको लागि जनप्रतिनिधि,

शाखा प्रमुख र कर्मचारीहरुलाई उपलब्ध गराइएकोमा नियमित सर्भिसिङ्ग एवं मर्मत खर्चको भार बढ्न गएको हुँदा यसको मितव्ययी एवं वैज्ञानिक व्यवस्थापनका लागि सवारी साधन मर्मत सम्भार गर्न र सुविधा प्राप्त कर्मचारीहरुले समेत आंशिक दायित्व व्यहोर्ने गरी सो सम्बन्धी कार्यविधि तयार गरी आगामी बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरी नगर सभाबाट पारित देहाय बमोजिमका योजनाहरुको लागि आवश्यक पर्ने सम्पूर्ण रकम उपलब्ध गराउने कार्यका लागि जिल्ला समन्वय समिति तनहुँमा आयोजना प्रस्ताव तयार गरी स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | वडा नं. | योजनाको लागत | कैफियत |
|---|---|---|---|---|
| १. | रानीगाउँ डिपबोरिङ खानेपानी योजना | ११ | 38,50,000. | |
| २. | श्रीचौर खानेपानी योजना | ७ | 10,00,000. | |
| ३. | सत्रसय खानेपानी योजना | ७ | 10,00,000. | |
| ४. | सिमलटार, नरंगा, बिर्फे खानेपानी योजना | ७ | 6,00,000. | |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा पर्ने मादीनदी घाटको प्राकृतिक साधन उपयोग कर (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर/बहत्तर) कर अशुलीको लागि कार्यालयबाट विभिन्न मितिमा गरी २ पटकसम्म बोलपत्र आव्हान सूचना प्रकाशित गर्दा समेत कुनैपनि व्यक्ति, फर्म तथा व्यवसायीबाट बोलपत्र फाराम दाखिला हुन नआएको हुँदा कर अशुलीको सम्वेदनशीलतालाई मध्यनजर गरी आगामी २०७७ पौष २६ गतेदेखि कार्यालयबाट नै आर्थिक ऐन अनुसार कर अशुली गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ मानुङकोट क्षेत्रको विकासको लागि गुरुयोजना निर्माण गर्ने कार्य प्रकृयामा रहेको हुँदा यस नगर कार्यपालिकाको मिति २०७७/०७/२३ को निर्णयद्वारा २०७७ पौष मसान्तसम्म जग्गा बिक्री सम्बन्धी सिफारिस बन्द गरिएकोमा आगामी माघ १ गतेदेखि न्यूनतम ४ आना भन्दा कम नहुने गरी जग्गा बिक्रीको सिफारिस खुल्ला गर्ने निर्णय गरियो । साथै गुरुयोजना तयार नहुने अवधिसम्मका लागि कुनैपनि जग्गाधनीहरुलाई सो क्षेत्रमा पक्की संरचना निर्माणको लागि स्वीकृति बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा विभिन्न खरिद कार्यको लागि प्रकाशित दरभाउपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएका विभिन्न फर्मका दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मका दरभाउपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
तपशिल

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | कबोल रकम -मु.अ. कर र कन्टिजेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | तारजाली खरिद योजना | (ठेक्का नं.१९÷**vyasmun/ 2077.078_** | श्री गण्डकी ट्रेड एण्ड सप्लायर्स प्रा.लि. दमौली तनहुँ | रु.१६,६२,२८०। | दरभाउपत्र |
| 2 | ह्युमपाइप खरिद योजना | **(ठेक्का नं. २१ / vyasmun/ 2077.078_** | श्री बाराही ह्युम पाइप उद्योग प्रा. लि. आँबुखैरेनी तनहुँ | रु.५,५०,०१५। | दरभाउपत्र |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा गत वर्ष सम्झौता भई अधुरो अवस्थामा रहेका विभिन्न भौतिक पूर्वाधार निर्माण योजना -उपभोक्ता समिति तथा ठेक्काबाट संचालित)/कार्यक्रम तथा परामर्श सेवा सम्बन्धी योजना आषाढमा सम्पन्न नगर सभाबाट २०७७।९।२९ गतेसम्मको लागि म्याद थप गरी निरन्तरता प्रदान भएकोमा कोभिडको १९ तथा निरन्तर रुपमा परेको वर्षातको कारण पहिलो चौमासिकसम्म काम नै सुचारु हुन नसकेको साथै मंसिर महिनाबाट क्रसर उद्योगहरु बन्द भई हालसम्म पनि सञ्चालन नभएको र कतिपय कालोपत्रे निर्माण सम्बन्धी योजनाहरु चिसो मौसमको कारण तत्काल कालोपत्रे निर्माण शुरु गर्न उपयुक्त नभएको हुँदा उल्लेखित परिस्थितिलाई मध्यनजर गर्दै अधुरो अवस्थामा रहेका सम्पूर्ण क्रमागत योजनाहरुको म्याद मिति २०७७ साल चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा गत नगर सभाबाट स्वीकृत तपशिल बमोजिमका योजनाहरुको सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम योजना परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं | सभाबाट निर्णय भएको योजनाको नाम | वडा | परिवर्तन गरी हाल कायम गरिएको योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | सिसाखोला खानेपानी लिफ्टिङ योजना (क्रमागत १६४) | १२ | बेलौती गैरा खानेपानी योजना | 10,00,000. |
| २ | भोटखोला दोभान जग्गा संरक्षण (क्रम संख्या ५३८) | ११ | जयनेपाल चारकुने रानीगाउँ मार्ग स्तरोन्नति | 2,00,000. |
| ३ | देउरालीनगरमा ब्लक गमला निर्माण (क्रम संख्या २३५) | ३ | देउरालीनगर घाट बुल्दीपुल ढलान | 7,00,000. |
| ४ | कालिका टोल अन्तर्गत सफा सडक तर्फ नाला निकास र स्ल्याव निर्माण (क्रम संख्या २०८) | २ | श्रीटोल अन्तर्गत चोकको नाला स्थानान्तरण | 4,00,000. |
| ५ | धुपखोला टोलमा पर्ने मत्स्य मार्ग सोमनाथ मिश्रको घरबाट पूर्वतर्फ रिटेनिङवाल निर्माण र जलदेवी मन्दिर कम्पाउण्ड तथा संरक्षण (क्रम संख्या १८०) | १ | जलेश्वर मन्दिर कम्पाउण्ड तथा संरक्षण | 2,00,000. |
| | | | धुपखोला टोल अन्तर्गत मिश्रको घरदेखि भतेरीसम्म र सकित दरैको घर जाने तेस्रो बाटो ग्राभेल | 2,00,000. |
| ६ | कुन्छाली टोलको नन्दुटारी हुँदै छाब्दी खोला जाने कच्ची सडकमा कच्ची नाला सहित ग्राभेल र रजआँप टोलको कच्ची सडक ग्राभेल (क्रम संख्या १७३) | १ | कुन्छाली टोलमा नयाँ बाटो निर्माण | 1,00,000. |
| | | | रजआँप जाने चोकबाट हुलाके जाने बाटो विस्तार | 1,00,000. |
| ७ | खकौली टोल अन्तर्गत कदम खोला कुवा जीर्ण भएकोले पुन निर्माण र भद्रु खानेपानी मुहान संरक्षण (क्रम संख्या १८८) | १ | खकौली टोल कदम खोला कुवा निर्माण | 1,00,000. |
| | | | हुलोकेदेखि आएको पुरानो खानेपानी योजना मर्मत | 1,00,000. |
| ८ | अकला बगैंचा स्थित छाब्दी मार्गसँग जोडिने बगिनी खोला व्यवस्थापन गर्न प्लटिङ क्षेत्रमा खुल्ला नाला निर्माण (क्रम संख्या १७०) | १ | अकला बगैंचा स्थित छाब्दी मार्गसँग जोडिने बगिनी खोला व्यवस्थापन गर्न प्लटिङ क्षेत्रमा कल्भर्ट निर्माण | 1,00,000. |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा गत आर्थिक वर्षमा सडक बोर्ड नेपालको अनुदान सहयोग र व्यास नगरपालिका कार्यालयको लागत साझेदारीमा ठेक्का सम्झौता भएको शहरी कालोपत्रे सडकहरुको (आवधिक) मर्मत योजनाको निर्माण सम्पन्न भएको हुँदा सडक बोर्ड नेपालमा अन्तिम किस्ता वापतको रकम निकासाको लागि माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७।०७८ को स्वीकृत शीर्षक नं.९८ कृषि क्षेत्रमा आधुनिकीकरणका लागि यान्त्रिक कार्यक्रम अन्तर्गतको बजेट रु.५०,००,०००। (पचास लाख) मध्ये बढिमा रु.१०,००,०००। (दश लाख) बाट ५० प्रतिशत अनुदानमा मिनी पावर टेलर (हाते ट्याक्टर) खरिद गर्नका लागि बढिमा रु.५०,०००। (पचास हजार) सम्म प्रति कृषकहरुलाई अनुदान दिने सम्बन्धमा मिति २०७७।९।७ गते बसेको कार्यपालिकाको निर्णय अनुसार छनौट भएका कृषकहरुलाई उक्त हाते ट्याक्टर कृषक स्वयंलाई नै कार्यालयले तोकेको मापदण्डका आधारमा खरिद गर्न लगाई कृषकहरुले पेश गरेको नियमानुसारको विल भरपाई चेकजाँच गरी अनुदान रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | हाइस्कुलटार भित्री नाला विस्तार | १ | 3,00,000. | ९९ |
| २ | दरै जातिको गुदको गुन्द्री बुन्ने प्रशिक्षण | १ | 2,00,000. | ७२ |
| ३ | तुलसीशरण, भरतमणि, गणेशबहादुर घर संरक्षण | २ | 30,000. | विपद् |
| ४ | महर्षि वेदव्यास सँस्कृत मा.वि. पहिरो नियन्त्रण | ३ | 2,50,000. | विपद् |
| ५ | तुलाराम बगाले खेत सिंचाई पाइप खरिद | ४ | 20,000. | १२२ |
| ६ | सिर्जना ढकाल शाही च्याउ खेती प्रवर्द्धन पाइप र मोटर खरिद | ५ | 40,000. | १२२ |
| ७ | दुम्टारी खेत कुलो मर्मत (पहिरो गएको) | ६ | 2,25,000. | विपद् |
| ८ | प्रगति आमा समूह अधुरो भवन निर्माण | ६ | 2,00,000. | ७२ |
| ९ | अम्रेनी आमा समूह अधुरो भवन निर्माण | ६ | 4,00,000. | ७२ |
| १० | बुढो पधेंरा लिफ्टिङ इन्टेक निर्माण | ६ | 50,000. | १२२ |
| ११ | दुरा समाज अधुरो भवन निर्माण | ६ | 3,00,000. | ६५ |
| १२ | चनौटे लामपानी पधेरो पुन निर्माण | ६ | 1,00,000. | विपद् |
| १३ | अमर प्रा.वि. खेल मैदान कम्पाउण्ड निर्माण | ६ | 1,50,000. | १४२ |
| १४ | वरश्वारा विश्राम प्रतिक्षालय निर्माण | ७ | 50,000. | ७२ |
| १५ | जनजागरण आमा समूह सामाग्री खरिद | ७ | 40,000. | ६५ |
| १६ | कलेस्ती मादी संगम घाट पहिरो पन्छाई अधुरो निर्माण | ७ | 2,50,000. | विपद् |
| १७ | गोकुलटारी कुवा मर्मत | ९ | 25,000. | १२२ |
| १८ | क्यामिन स्टार युवा क्लब खेलकुद | ९ | 30,000. | ३९ |
| १९ | माझफाँट पहिरोमा मानिस खोजी कार्य | ९ | 46,000. | विपद् |
| २० | गजुरे स्वास्थ्चौकी ल्याब व्यवस्थापन | ९ | 2,84,885. | ७९ |
| २१ | कोलगैह्रा खानेपानी पाइप खरिद | १० | 30,000. | १२२ |
| २२ | कालीडाँडा होमस्टे सामग्री खरिद | १० | 40,000. | ६५ |
| २३ | बैरेनी कुमालटारी खानेपानी पाइप खरिद | १० | 30,000. | १२२ |
| २४ | नमूना अधिकारी ट्युवेल जडान | ११ | 25,000. | १२२ |
| २५ | रामथुम्की युवा खेल मैदान निर्माण | ११ | 3,00,000. | ३९ |
| २६ | भन्याङदी खेत सिंचाई पाइप खरिद | ११ | 25,000. | १२२ |
| २७ | रामथुम्की तमु समाज भवन निर्माण | ११ | 3,00,000. | ६५ |
| २८ | फलेदी खानेपानी अधुरो योजना | १२ | 3,00,000. | १२२ |

| | | | | |
|---|---|---|---|---|
| २९ | वेलौतीगैरा खानेपानी अधुरो योजना | १२ | 3,00,000. | १२२ |
| ३० | सृजनशील आमा समूह भवन प्राकृतिक प्रकोप मर्मत | १२ | 2,00,000. | विपद् |
| ३१ | माथिल्लो धारापानी खानेपानी मर्मत | १२ | 2,00,000. | १२२ |
| ३२ | दुधेपानी खानेपानी मर्मत | १२ | 1,00,000. | १२२ |
| ३३ | कुलुङ माझथर खेल मैदान निर्माण | १४ | 90,000. | ३९ |
| ३४ | नयाँगाउँ मास्दी मोटर मार्ग पहिरो पन्छाउने | १४ | 2,00,000. | विपद् |
| ३५ | छाब्दी बाराही खानेपानी योजना मर्मत | १४ | 80,000. | १२२ |
| ३६ | सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन इन्धन सहयोग | | 40,000. | ७६ |
| ३७ | पशु वधस्थल अधुरो कार्य सम्पन्न थप | ३ | 1,29,900. | १४४ |
| ३८ | प्रधानमन्त्री रोजगार कार्यक्रम औजार खरिद | | 1,72,000. | ९७ |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई सरुवा गर्ने निर्णय गरियो ।

(क) बालमन्दिर मा.वि. व्यास २ दमौलीमा कार्यरत बाल शिक्षा शिक्षक श्री सुभद्रा न्यौपानेलाई व्यास ७ पाथ्रा स्थित पञ्चज्योति आधारभूत विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

(ख) सतयवती मा.वि. व्यास २ दमौलीमा कार्यरत गौकुमारी न्यौपानेलाई ऋषिङ गाउँपालिका वडा नं.१ शुक्ला मा.वि. मा सरुवा गर्ने र सो रिक्त दरबन्दीमा शुक्ला मा.वि. ऋषिङ १ मा कार्यरत प्रा.वि. शिक्षक श्री प्रमोद न्यौपानेलाई पारस्परिक सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा कोभिड १९ को जोखिम रहेको यस घडिमा नगरपालिका अन्तरगतका सार्वजनिक तथा निजी विद्यालयहरुको अनुगमन गरी कोभिड जोखिममा ध्यान दिनुपर्ने विषयमा सचेतना सृजना गराउने कार्यमा खटिने व्यास नगरपालिका वडा नं.२ बस्ने ल्याव टेक्निसियन स्वास्थ्य कार्यकर्ता श्री सञ्जिता तामाङलाई काम गरेको मितिदेखि मासिक रु.१५,०००। र यातायात खर्च वापत रु.२५००। पाउने गरी हाललाई विद्यालय सञ्चालन हुने अवधि २०७७ चैत्र मसान्तसम्म कोभिड अन्तर्गतको बजेट शीर्षकबाट खर्च हुने गरी काम काजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा नगरपालिका युवा परिषद् नियमावली २०७७ को दफा ३ (१) (ख) बमोजिम व्यास नगरपालिका व्यास युवा क्लबका नगर अध्यक्ष व्यास नगरपालिका वडा नं.१३ निवासी श्री गौरव पन्थलाई युवा परिषद्को उपाध्यक्ष पदमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको युवा विकास अभियानमा महत्वपूर्ण योगदान हुन सक्ने उद्देश्यका साथ व्यास नगरपालिका वडा नं.२ दमौली जन्म भई हाल संयुक्त राज्य वेलायत निवासी समाजसेवी श्री हेमसिं शाही (रजनजंग शाही) लाई व्यास नगर गैर आवासीय नेपाली युवाहरुलाई समन्वय गर्ने गरी (अवैतनिक) युवा सल्लाहकार मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित नारेश्वर ताल परियोजनाको जग्गा खरिदका लागि जम्मा रु.१,३६,८२,२२५। तिर्नुपर्ने गरी मुआब्जाको निर्णय भएको र लाभकर वापत लाग्ने रु.४,८८,२३२।२९ समेत जम्मा रु.१,४१,७०,४५७।२९ खर्च लाग्ने हुँदा नगर सभाबाट विनियोजित रु.१,३०,००,००० (एक करोड तीस लाख) मा नपुग हुने रकम विभिन्न योजनाहरुमा विनियोजित रकमको टेण्डर हुँदा घट्न गएको बचत रकम मध्येबाट सोधभर्ना गरी आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासी पहिचान र प्रमाणीकरण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग नगर प्रमुख श्री वैकुण्ठ ज्यौपानेज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देलले गर्नुभएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।